# नीति तथा कार्यक्रम

मिति : २०७८ साल असार ०९, १५ र १६

आ.व. २०७८/०७९

चिशंखुगढी गाउँपालिका

सेर्ना, ओखलढुंगा

## मिति २०७८ साल असार ९ गतेका दिन नवौं गाउँ सभामा गाउँपालिकाका अध्यक्ष श्री निशान्त शर्माज्यूले प्रस्तुत गर्नु भएको आर्थिक् वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रमः

उपाध्यक्ष ज्यू, एवं गाउँसभाका सदस्यज्यूहरु,
प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी परिवार,

यस गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति, योजना, कार्यक्रम तथा बजेट प्रस्तुतीकरणको उद्घघाटन समारोहमा उपस्थित सम्पूर्ण सभाका सदस्यज्यूहरु तथा चिशंखुगढी गाँउपालिका कर्मचारी परिवारमा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु।

देशलाई संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका राजनितिक आन्दोलनहरु, जनयुद्धका क्रममा आफ्नो अमुल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, सम्पूर्ण सहिद परिवारमा हार्दिक समवेदना तथा घाइते योद्धाहरुलाई उच्च सम्मानपूर्वक स्मरण गर्न चाहन्छु।

नेपालको संविधान, २०७२ जारी भई उक्त संविधानले व्यवस्था गरेबमोजिम देशमा संघीयता कार्यान्वयनमा आएको छ। लामो समय सम्मको आम नेपाली जनताले गरेको वलिदानीपूर्ण सङ्घर्षको जगमा सञ्चालित प्रजातान्त्रिक आन्दोलनहरु, जनयुद्ध र २०६२/०६३ को जनआन्दोलनको दिशानिर्देश अनुरुप जननिर्वाचित संविधानसभाबाट नेपाली जनताका प्रतिनिधिहरुमार्फत जारी भएको संविधानका प्रावधानहरुलाई कार्यान्वयन गर्ने क्रममा स्थानीय तहको निर्वाचन, २०७४ पश्चातको संवैधानिक व्यवस्था बमोजिम आज म यस चिशंखुगढी गाउँपालिकाको अध्यक्षको हैसियतले यस गरिमामय सभामा पाँचौं पटक वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै खुसी भएको छु।

सविंधान सभाबाट नेपालको संविधान, २०७२ जारी भई संघीय शासन प्रणालीको अभ्यास एवं कार्यान्वयन भईरहेको सन्दर्भमा नेपाली समाजको आर्थिक, सामाजिक एवं साँस्कृतिक रुपान्तरण तथा प्रभावकारी शासकीय व्यवस्थाका लागि स्थानीय सरकार थप प्रभावकारी भएको जनस्तरबाट पुष्टी हुदै गएको छ। स्थानीय सरकार गठन भए पश्चात चिशंखुगढी गाउँपालिकाको दिर्घकालीन सोच ***"कृषि, पर्यटन र दिगो पूर्वाधार, चिशंखुगढी गाउँपालिकाको वलियो आधार"*** र प्रथम आवधिक विकास योजनाले निर्दिष्ट गरेका योजना तथा कार्यक्रमहरुको लक्ष्यलाई चुम्न गाउँपालिकामा उपलब्ध स्रोत साधन र सम्भावनाको उचित व्यवस्थापन गरी गाउँपालिकाको समग्र विकासका लागि यो स्थानीय सरकार दृढ रहेको छ।

स्थानीय सरकार गठन भए पश्चात स्थानीय जनताले प्रत्यक्षरुपमा अनुभूत गर्ने गरी विकासमा रुपान्तरण एवं परिवर्तनका कार्यहरु सुरुवात भएका छन्। नागरिकको जीवनमा सकरात्मक परिवर्तन ल्याउने आधाभूत पूर्वाधारका रुपमा रहेका सडक, खानेपानी, बिजुलीवत्ती, जस्ता अन्य पूर्वाधारहरुको निर्माण आरम्भ भइ सम्पन्न हुने चरणमा छन्।

स्थानीय तहको निर्वाचन पश्चात स्थानीय स्तरमा जनप्रतिनिधिहरुको नेतृत्वमा स्थानीय सरकार गठन भई कार्य प्रारंम्भ भएको ४ वर्ष पुरा भएको छ। खाली ठाउँबाट सुरुवात भएको नयाँ यात्रा, नयाँ

अनुभव र अभ्यासका साथ संगठनात्मक संरचनालाई बलियो पार्दै निकै महत्वपूर्ण र ठोस उपलब्धी हासिल गरी स्थानीय सरकार अगाडी बढिरहेको छ ।

पर्याप्त जनशक्ति, प्रर्याप्त स्रोत साधनको अभाव जस्ता कठिनाईका बीचमा पनि स्थानीय तहको एकल अधिकारको सूचीमा रहेको आवश्यकीय कानूनहरु बनाईएको छ । दरिलो बन्ने र अगाडी बढ्ने आधारहरु खडा भएको छ । तथापी अझै पनि तीव्रगतिका साथ काम गर्ने आधारहरु तयार भईसकेका छैनन् । यसै विच गाउँपालिकाको प्रशासकीय ऐन, शिक्षा ऐन, सहकारी ऐन, संघसस्था दर्ता सम्बन्धी ऐन लगायतका अन्य आवश्यकीय कार्यविधीहरु बनाई कार्यान्वयनमा ल्याईएको छ । स्थानीय सरकार आफैंले छुट्टै संगठन संरचना र जनशक्ति व्यवस्थापन गर्ने अधिकार पाएको छैन् । यति हुँदा हुँदै पनि विभिन्न बाधा र व्यवधानका बीच सुखद् अनुभवका साथ संघीयताको मुल मर्मलाई आत्मसात गर्दै आवश्यकीय ऐन, नियम र कार्यविधीहरुको तर्जुमा गरेर स्थानीय संरचना सस्थागत गर्न महत्वपूर्ण सफलता र उपलब्धी हासिल गर्न सफल हुँदै गएको छ ।

हामीले हाम्रो गाउँपालिकालाई आत्मनिर्भर सहितको सम्भावना बोकेको पालिकाको रुपमा विकास गर्न निकै मेहनत गर्न जरुरी छ । यस कार्यमा सम्पूर्ण आम जनता तथा जनसमुदायहरु, राजनीतिक दलहरु लगायत सबैबाट प्राप्त सल्लाह सुझाव र सहयोगलाई उर्जाको रुपमा लिदै सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

नेपाल सरकारले अंगिकार गरेका दिगो विकासका लक्ष्यहरु, प्रदेश सरकारले निर्धारण गरेका विकासका आधारपत्रहरु तथा गाउँपालिकाका विकासका नीतिहरु एवं निर्वाचनका बेला जनता सामु गरेका प्रतिबद्धताहरु र त्यसमा आधारित गाउँपालिकाको दिर्घकालीन सोच, आवधिक विकास योजनामा प्रस्तुत गरिएका लक्ष्यहरु र ४ वर्षमा गरिएका कामका प्राप्त उपलब्धीहरु यस गाउँपालिकाका लागि निरन्तर गन्तव्य निर्धारण गर्न योजना तथा कार्यक्रम तर्जुमा गर्ने मुल मार्गदर्शनका रुपमा रहनेछन् ।

**उपस्थित सम्पूर्ण सभाका सदस्य एवं महानुभावहरु,**

अव म चिशंखुगढी गाउँपालिकाको आ.ब. २०७८/०७९ को लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**कोरोना भाइरस(कोभिड-१९) संक्रमण रोकथाम तथा न्यूनीकरण**

१.विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भइरस (कोभिड-१९) को कारण आज देश ठूलो विपत्तिको चपेटामा छ। आजको दिन सम्म कोभिड-१९ बाट संक्रमित एवं मृत्यू हुनेको संख्या दिन प्रति दिन बढिरहेको छ र यो संख्या अझै बढ्ने अनुमान गर्न सकिन्छ। यस विषम् परिस्थितिमा हामी सबै आम नागरिकहरु सचेत, सजग एवं संयम हुन अत्यन्त जरुरी छ । यस जटिल एवं चुनौतीपूर्ण परिस्थितिको सामना गर्न तथा प्रतिकूल परिस्थितिलाई मध्यनजर गर्दै संघीय सरकार तथा प्रदेश सरकार कोरोना भाइरस (कोभिड-१९) को दोस्रो भेरियन्टको प्रभावलाई कम गर्न तथा यस प्रकारको प्रकोपबाट सिर्जना हुने भयावह स्थितिलाई रोक्न प्रयासरत छन् तसर्थ हामी स्थानीय तह पनि कोभिड-१९ को महामारीलाई नियन्त्रण एवं रोकथाम गर्नका लागि आफ्नो प्रयास एवं अन्य सरोकारवालाहरु सँगको समन्वयमा आम चिशंखुगढी बासी नागरिकहरुको स्वास्थ्य प्रति सजग एवं सचेत हुँदै प्रयासरत छौं । आगामी दिनमा पालिका बासी आम नागरिकहरुमा कोभिड संक्रमणको अवस्थालाई मध्यनजर गर्दै कोभिड सचेतना कार्यक्रम सञ्चालन गर्ने तथा गाउँपालिकाको पहलमा एवं अन्य

सरोकारवाला निकायहरुको समन्वयमा पि.सि.आर र एन्टिजिन टेष्ट किट परीक्षणको दायरालाई फराकिलो बनाइ कोभिड-१९ लाई नियन्त्रण गर्ने कार्य प्रभावकारी रुपमा अगाडि बढाइनेछ।

२.कोरोना संक्रमण भएका नागरिकहरुको स्वास्थ्य अवस्थालाई ध्यानमा राखी प्रतिकूल स्वास्थ्य भएका नागरिकहरुको स्वास्थ्योपचार एवं निगरानीका लागि कोभिड अस्थायी अस्पताल लगायतका पालिका क्षेत्र भित्रका अन्य पायक पर्ने स्थानहरुमा हाल भइरहेको २२(बाइस) शैयाको आइशोलेशन केन्द्रलाई न्यूनतम आधारभूत सुविधायुक्त आइशोलेशन केन्द्रको रुपमा विकास गरी आवश्यकतानुसार थप आइशोलेशन केन्द्रको स्थापना गरिंदै लगिनेछ।

३.पालिका क्षेत्र भित्रका कोरोना संक्रमित नागरिकहरुलाई स्वास्थ्य कर्मीको प्रत्यक्ष निगरानीमा राखी अन्य आम नगरिकहरुमा कोरोना भाइरस (कोभिड-१९) को महामारी फैलिन नदिनको लागि गाउँपालिकाले आवश्यक स्रोत-साधन व्यवस्थापन गरी परिचालन गर्नेछ। यस प्रकारको प्रतिकूल परिस्थितिमा समन्वयात्मक एवं सहयोगी भूमिका खेल्नु हुने सम्पूर्ण सरोकारवाला निकाय, पदाधिकारीहरु, संघ-संस्था एवं सहयोगी मनहरु प्रति धन्यवाद व्यक्त गर्दछु।

४.सम्पूर्ण चिशंखुगढीबासी आमा, बुबा, दाजुभाइ तथा दिदीबहिनीहरुलाई आ-आफ्नो स्थानबाट कोरोना भाइरस (कोभिड-१९) विरुद्धको विश्वव्यापी लडाइमा एकाकार हुनको लागि हार्दिक अपिल गर्दछु। आजको दिनमा प्रत्येक नागरिक आफैंमा सुरक्षित हुनु, आफ्नो परिवारलाई सुरक्षित राख्दै समाज एवं राष्ट्रलाई यस प्रकारको भाइरसद्धारा सिर्जित महासंकटबाट सुरक्षित बनाई भविष्यमा हुन सक्ने संभावित जोखिम तथा विपत्तिबाट सिंगो मावन समुदायलाई बचाउनु आजको अनिवार्य आवश्यकता भएकोले आम नागरिक, सम्पूर्ण सरोकारवालाहरुको सहयोग, समन्वय एवं सकरात्मक भूमिकाको अपेक्षा गर्दै आगामी दिनमा कोरोना भाइरस विरुद्धको विश्वव्यापी लडाईंमा एक जुट हुनको लागि आब्हान गर्दछु। महामारीको रुपमा फैलिएको कोरोना भाइरसद्धारा संक्रमितहरुमा शीघ्र स्वास्थ्य लाभको कामना तथा ज्यान गुमाएकाहरु प्रति हार्दिक श्रदाञ्जली व्यक्त गर्दछु।

५.यस प्रकारको चुनौतीको सामना गर्नका लागि स्थानीय सरकार जनताको सबै भन्दा नजिकको सरकार हुनुको नाताले समन्वयात्मक भूमिका खेल्दै आगामी दिनमा गाउँपालिकाका प्रत्येक नागरिकहरुमा कोरोना भाइरस विरुद्धको खोपको व्यवस्थापन गर्दै गाउँपालिका तथा प्रत्येक वडाका विपद् व्यवस्थापन सँग सम्बन्धित संयन्त्रहरुलाई प्रभावकारी बनाउन प्रकोप व्यवस्थापन कोषलाई सुदृढीकरण गरी रकम विनियोजन गरिनेछ।

## कृषि तथा पशु सेवा विकास

६.कृषि तथा पशु सेवा विकासका लागि कृषकहरु माझ विद्यमान समस्याहरुलाई सहज पहिचान गर्न र आधुनिक प्रविधिको उपयोगको माध्यमद्धारा आफ्नो उत्पादनमा वृद्धि गरी आत्मनिर्भर गराउनको लागि प्रवर्द्धनात्मक क्रियाकलापहरु सञ्चालन गर्दै कृषि विकास तथा पशु सेवा शाखा एवं सेवाकेन्द्र मार्फत सेवा प्रवाहलाई थप प्रभावकारी बनाइ अगाडि बढाइनेछ ।

७.सम्भाव्यताको आधारमा तरकारी, फलफुल, खाद्यान्न, पशुपालन, माहुरीपालन र नगदेवालीको पकेट क्षेत्र घोषणा गरी त्यस्ता क्षेत्रमा युवा लक्षित, व्यवसायिक खेती तथा आधुनिक कृषि प्रणालीको माध्यमवाट स्वरोजगारको अवसर सिर्जना गरिनेछ। आँप, लिची, सुन्तला, कागती, अनार, मेवा जस्ता फलफुल वालीहरुको व्यवसायिक उत्पादन वृद्धि गर्न विभिन्न थप क्रियाकलापहरु सञ्चालन गरिनेछ, साथै उत्कृष्ट कृषक छनौट गरी पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

८.चिशंखुगढी गाउँपालिका क्षेत्र भित्र रहेका किसानहरुको पहिचान गर्दै किसान मैत्री कार्यक्रमहरु तय गर्न एवं वास्तविक व्यवसाय उन्मुख किसानलाई प्रोत्साहन गर्न किसान सूचीकरण कार्यक्रम लागू गरी कार्यान्वयन्न गरिनेछ ।

९.कृषि पेशामा आवद्ध कृषकहरुलाई कृषक समूहमा आवद्ध गराई स्वावलम्वन सम्बन्धी क्रियाकलापमा संलग्न गराउँदै कृषि सहकारी संस्थाको माध्यमवाट स्थानीय कृषि उत्पादन एवम् विक्रिका लागि कृषि बजारको सुनिश्चितता गराउन पहल गरिनेछ ।

१०.मकै, धान तथा कोदो वालीमा उन्नत जातको बिउको प्रयोगवाट उत्पादन वृद्धि गरी खाद्य सुरक्षामा सहयोग पुऱ्याइने छ । साथै स्थानीय स्तरका रैथाने जातिका बालीलाई संरक्षण गरिने छ ।

११. प्राङगारिक मलको प्रयोगलाई प्राथमिकता दिँदै रासायनिक मलको प्रयोगलाई निरुत्साहित्त गरिदै लगिनेछ ।

१२. रोग किरा नियन्त्रणमा जैविक प्रविधिको अवलम्बन गर्न कृषकहरुमा उत्प्रेरणा गरिने छ ।

१३. व्यवसायिक पशुपालन तर्फ कृषकहरुलाई आकर्षित गर्दै लगिने छ, साथै पशुहरुमा उन्नत जातको नश्ल सुधार गर्नको लागि आवश्यक कार्यक्रम ल्याइनेछ । व्यावसायिक कृषकहरुलाई कृषि उद्यमीको रुपमा विकास गर्न व्यावसायीक कृषि अनुदानको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१४. कृषि वाली तथा पशुपंक्षी बिमा कार्यक्रमलाई प्रोसाहन गर्दै लगिनेछ ।

१५. कृषि उत्पादनलाई प्रोसाहन गर्नको लागि कृषकहरुलाई सहुलियत दरमा ऋण उपलब्ध गराउनुका साथै अनुदानको व्यवस्था गर्न पहल गरिनेछ ।

१६.चिनौं आफ्नो माटो बनाऔं आफ्नो गाउँ भन्ने नारालाई सार्थक बनाउनका साथै कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक स्रोत साधनको व्यवस्था गरी परिचालन गरिनेछ ।

१७.गाउँपालिका भित्रका सम्पूर्ण जग्गाको वर्गीकरण गरी कृषि योग्य भूमिको संरक्षण गर्न सरोकारवाला निकाहरुसँगको समन्वय आवश्यक महल गरिनेछ ।

१८.युवा उद्यमशीलता कार्यक्रमलाई प्रवर्द्धन गरी प्रभावकारी कार्यान्वयन मार्फत गाउँपालिका क्षेत्र भित्र जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ ।

१९.गाउँपालिका क्षेत्र भित्रका जमिनको उपयोगितालाई अभिवृद्धि गर्न भू-उपयोग नीति बनाई कार्यान्वयन गरिनेछ ।

२०. कृषि उत्पादनलाई बढवा दिन उत्पादकत्व वृद्धिका लागि जलस्रोतको सम्भाव्यताको आधारमा थप सिंचाइ कार्यक्रम विस्तार गर्दै लगिनेछ ।

२१. कृषि तर्फका साना व्यावसायिक कृषि उत्पादन केन्द्र, आलु बालीको साना व्यावसायिक कृषि उत्पादन केन्द्र र बाख्रा तथा वंगुरको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमलाई विस्तार गर्दै लगिने छ ।

२२. कोल्डरुम एवं पोर्टेबल कोल्ड स्टोर च्याम्बर निर्माण गर्न ५० प्रतिशत लागत साझेदारीमा संस्था वा समितिलाई अनुदान उपलब्ध गराइनेछ ।

२३.चिशंखुगढी १ कुइभीरमा मेवा खेती प्रवर्द्धन कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ । आगामी दिनमा चिशंखुगढी गाउँपालिकाका मेवाखेतीका लागि सम्भावित क्षेत्रहरुको पहिचान गरी मेवा खेती प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिने व्यवस्था मिलाईनेछ ।

२४. कृषि उद्यमीहरुको संरक्षण गर्दै उद्यमीहरुको प्रवर्द्धनात्मक ढंगबाट कृषि उद्यममा दिगोपना ल्याउन पालिका तथा अन्य सरोकारवाला निकायहरुसँगको समन्वयमा कृषि उद्यमीहरुलाई आई पर्ने जोखिमको बहन गर्दै सहुलियत कृषि कर्जा उपलब्ध गराउन बैंक तथा वित्तीय सस्थाहरुसँग आवश्यक पहल गरिनेछ ।

२५.कृषकहरुमा कृषिजन्य विउ विजनको सर्वसुलभ रुपमा पहुँच अभिवृद्धि गर्न स्थानीय स्तरमानै उन्नत जातका विउ विजनको उत्पादन गरी सुलभ मूल्यमा वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

२६.पशु चौपायमा आउन सक्ने जोखिमलाई मध्यनजर गर्दै पशु विमा कार्यक्रमलाई थप विस्तार गर्दै अगाडि बढाइने छ । साथै पशुपन्छीको स्वास्थ्यलाई मध्यनजर गर्दै गाउँपालिकाको केन्द्रमा स्थापना भएको पशु स्वास्थ्य ल्याबको व्यवस्थापनलाई थप प्रभावकारी बनाइ सबै वडाहरुमा पशु स्वास्थ्य ल्याबको पहुँच अभिवृद्धि गर्ने व्यवस्था मिलाईनेछ ।

२७.यस गाउँपालिकाको समग्र कृषिका क्षेत्रलाई व्यवस्थित बनाई कृषिलाई आधुनिकीकरण गरी जीवन निर्वाहमुखी कृषि कर्मबाट व्यवसायीक एवं औधोगिक कृषि प्रणाली तर्फ विकास गर्न चिशंखुगढी गाउँपालिकाको कृषि विकास रणनीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

**उद्योग तथा वाणिज्य**

२८.घरेलु उद्योग व्यवसाय सञ्चालन गर्न सम्भाव्यताको अध्ययन गरी निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायिक तथा आयमुलक वनाउन थप योजना वनाइने छ, साथै कृषिजन्य उद्योग सञ्चालनका लागि प्रोत्साहन तथा अनुदानको व्यवस्था मिलाइने छ ।

२९.लघु उद्यम विकासका लागिं उद्यमीको स्तरोन्नती गर्न पहिचान एवं आवश्यकताका आधारमा पुनर्ताजगी तथा एडभान्स सीप विकास तालिम कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ। साथै लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

३०.सीप विकास तथा उद्यम विकास तालिम संचालन गरी उद्यमीहरुलाई उपयुक्त प्रविधि हस्तान्तरण गरी परम्परागत उद्योगको संरक्षण एवं प्रर्वद्धन गरिने छ।

**पर्यटन प्रवर्द्धन**

३१. गाउँपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक स्थल कोटगढी, सिंहदेवी, रातमाटे झरना, महभीर झरना, चिसापानी गढहा खोला झरना, पिच्रिरिङ्ग झरना, टोपा गुफाहरु लगायतका ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरुको सम्भाव्यता अध्ययन गरी पैदल मार्ग तथा पर्यटन प्रवर्द्धन गर्ने कार्यलाई उच्च प्राथमिकता दिइने छ। गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण मठ मन्दिर देवालय तथा धार्मिक स्थलहरुको संरक्षणको कामलाई अगाडी बढाईन्ने छ।

३२. चिसापानी, खस्रे, गैरी लगायतका स्थानहरुलाई पर्यटकीय स्थलको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ। साथै सम्भाव्य स्थानहरुमा मनोरञ्जन स्थल, पिकनिक स्पोर्टहरु निर्माण गर्दै लगिने छ।

**सहकारी**

३३. सहकारी ऐनको परिधी भित्र रही गाउँपालिका क्षेत्रमा सञ्चालित सहकारी संस्थाहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्न एवं सोको नियमन गर्नका लागि आवश्यक पहलकदमी लिइनेछ।

३४. सहकारीलाई गाउँपालिकाको विकासको सहयोगी एवं साझेदारको रुपमा लिई संस्थागत क्षमताको सुदृढीकरण तथा प्रवर्द्धन गर्न समन्वयात्मक ढंगबाट कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै स्थानीय स्तरमा उत्पादन हुने कृषि उपजहरुको बजारीकरण गर्ने कृषि सहकारी संस्थाहरुलाई आवश्यक क्षमता विकास गर्दै लगिने छ।

गुणस्तरीय शिक्षा

३५. चिशंखुगढी गाउँपालिकाको शैक्षिक क्षेत्रको श्रीवृद्धि तथा उन्नयनका लागि गुणस्तरीय शिक्षा विकास तथा साक्षरता सुधार परियोजना कार्यक्रम संञ्चालनमा ल्याइनेछ । साथै बहुल समाज, भाषा र संस्कृतिको जगेर्ना गर्न एवं प्राकृतिक, धार्मिक, समाजिक-साँस्कृतिक विविधताको पहिचान तथा प्रवर्द्धन गर्न स्थानीय पाठ्यक्रम निर्माण गरी चिशंखुगढी गाउँपालिकाको सम्पूर्ण सामुदायिक विद्यालयहरुमा लागू गरिनेछ ।

३६.नमुना विद्यालय, विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तरोन्नती भएका प्राविधिक धार विद्यालयको ल्याब व्यवस्थापनका लागि अनुदान उपलब्ध गराइनेछ ।

३७.भुकम्पको असरवाट क्षति भएका, जीर्ण अवस्थामा रहेका साथै विद्यार्थी संख्याको अनुपातमा भवन अभाव भएका विद्यालयहरुको छनौट गरी त्यस्ता स्थानहरुमा आधुनिक भवन निर्माण कार्यलाई निरन्तरता दिन पहल गरिनेछ ।

३८.गाउँपालिका क्षेत्रमा सञ्चालित आधारभूत र मा.वि. स्तरका विद्यालयहरुमा कम्प्युटर कक्षा, Science ल्याव, ई-लाइव्रेरी खोली सञ्चालन गर्न तथा अंग्रेजी भाषाका अतिरिक्त पाठ्यक्रम व्यवस्थापन गरी कक्षा सञ्चालन गर्न प्राथमिकता दिने नीति अवलम्वन गर्दै माध्यमिक स्तरमा कक्षा ९ देखि प्राविधिक विषयहरु अध्यापन गराउनको लागि आवश्यक पर्ने पूर्वाधारको तयारी गरिनुको साथै विद्यालयहरुलाई प्रगति सुचांङ्कका आधारमा प्रोसाहन तथा पुरस्कृत गर्दै लगिनेछ । साथै गाउँपालिका क्षेत्रभित्र वहु-प्राविधिक शिक्षालय स्थापना गर्न आवश्यक पहल गरिने छ ।

३९.मातृभाषा शिक्षालाई प्रोसाहन गरी अगाडि बढाउने तथा सीपमा आधारित शिक्षा नीति तयार गरी कार्यान्वयन गरिनेछ ।

४०.अपांग, दलित, आदिवासी, जनजाति, सिमान्तकृत, अल्पसंख्यक, उपेक्षित वर्गका विद्यार्थीहरुलाई प्राविधिक शिक्षा प्राप्त गर्न विभिन्न प्राविधिक शिक्षालयहरुसँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४१.विद्यार्थी संख्या, दुरी तथा आवश्यकताको आधारमा विद्यालयको स्तरउन्नती तथा समायोजन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

४२. शिक्षकको दरवन्दी मिलान सहित गुणस्तर अभिवृद्धिका लागि पेशागत दक्षताको विकास गर्न आवश्यक तालिमको व्यवस्था मिलाईनेछ ।

४३. स्थानीय प्रयासद्धारा शिक्षाको गुणस्तरमा अभिवृद्धि गरिने छ ।

४४. गाउँपालिका भित्र कम्तिमा १ (एक) नमुना विद्यालय स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

४५. विद्यालय भन्दा वाहिर रहेका वालवालिकाहरुलाई विद्यालयमा भर्ना गर्नको लागि विषेश कार्यक्रम संचालन गरिनेछ ।

४६. शिक्षाको गुणस्तर अभिवृद्धि गर्दै शिक्षा प्रशासनलाई व्यवस्थित गर्नका लागि चिशंखुगढी गाउँपालिकाको शिक्षा ऐन, २०७५ तथा नियमावली, २०७६ को प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

४७. कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ ।

४८.प्रारम्भिक वालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिकमा थप वृद्धि गर्दै लगिनेछ ।

४९.गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई निशुल्क स्यानिटरी प्याडको उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

५०. खेलकुद क्षेत्रको विकासको लागि खेलकुदका विभिन्न विधाहरुमा खेलकुद कार्यक्रम सञ्चालन गर्दै लगिने छ । साथै पालिका क्षेत्रभित्रका खेलाडीहरुलाई दक्ष खेलाडीको रुपमा विकास गर्न खेलकुद सम्बन्धी आवश्यक तालिमको व्यवस्था गरी खेल क्षेत्रमा पहिचान स्थापित गर्ने खेलाडीहरुलाई सम्मान गर्दै लगिने छ ।

५१. गाउँपालिकामा एक खेल ग्राम तथा कवर्डहल निर्माणको लागि यसै आर्थिक वर्षबाट योजना वनाई अगाडी बढाईने छ । साथै सबै वडाहरुमा कम्तिमा १/१ वटा खेलमैदानको निर्माण कार्यलाई निरन्तरता दिइने छ ।

**स्वास्थ्य**

५२. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को कारणबाट सृजना भएको परिस्थितिलाई मध्यनजर गर्दै उक्त भाइरसको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक स्रोत साधनको व्यवस्था गरी परिचालन गरिनेछ ।

५३. पालिका स्तरमा कोभिड-१९ को परीक्षण कार्यलाई सहजीकरण गर्नका लागि सरोकारवाला निकायहरु सँगको समन्वयमा आवश्यक व्यवस्थापनका लागि पहल गरिनेछ ।

५४. पि.सि.आर एवं एन्टिजिन किट परीक्षणको वर्तमान अवस्थालाई सुदृढीकरण गर्न आवश्यक किटको व्यवस्थापन गरी सरोकारवाला निकाय सँगको समन्वयमा परीक्षणको दायरालाई फराकिलो बनाइनेछ । साथै आवश्यक संख्यामा गाउँपालिका क्षेत्र भित्र आइशोलेशन केन्द्रको स्थापना गर्दै लगिनेछ ।

५५.मातृशिशु मृत्यूदरलाई कम गर्नका साथै स्वास्थ्य संस्थामा शिशु सुरक्षित रुपमा जन्माउन वडाका सबै स्वास्थ्य संस्थाहरुमा बर्थिङ्ग सेन्टर सञ्चालनका लागि आवश्यक पर्ने पूर्वाधार तथा दक्ष कर्मचारीहरुको व्यवस्था गर्दै लैजाने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५६.महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाइ उपलब्ध गराउँदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ ।

५७.पोषण एक वहु आयामिक बहु क्षेत्र सँग अन्तर सम्बन्धित विषय भएको हुँदा बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५८.कोभिडको संक्रमण नियन्त्रण तथा न्यूनीकरणका लागि प्रत्यक्षरुपमा फिल्डमा खट्ने जुनसुकै कर्मचारीहरुलाई जोखिम वापत सोको एकिन गरी शुरु तलबको ५० प्रतिशतले हुन आउने रकम प्रोत्साहन वापत उपलब्ध गराइनेछ ।

५९.खानेपानी तथा सरसफाइ, कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रवन्धका क्षेत्रमा कार्यहरुका लागि पोषण संवेदनशील कार्यक्रम संचालन गर्ने खाद्य तथा पोषण विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

६०. वडा तथा समुदाय स्तरमा रहेका महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी प्रोत्साहनका कार्यक्रम गरिने छ ।

६१.पालिकाको पहलकदमीमा अन्य सरोकारवाला निकायहरु सँगको समन्वयमा स्वास्थ्य विमा कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।

६२. चिशंखुगढी गाउँपालिका वडा नं. ०२ स्थित खानीभञ्ज्याङ्ग पोखरे स्वास्थ्य चौकी परिसरमा निर्माणाधीन चिशंखुगढी गाउँपालिकाको आधारभूत अस्पताल निर्माणका लागि ठेक्का सम्झौता भइ कार्यान्वयनको चरणमा रहेको अस्पताल यथाशीघ्र निर्माण सम्पन्न गरी आ.व. ०७८।७९ मा सञ्चालनमा ल्याइनेछ । उक्त अस्पताल परिसर व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ। साथै अन्य स्वास्थ्य संस्थाहरुको पूर्वाधार निर्माण तथा क्षमता विकासका कार्यहरुलाई प्राथमिकताका साथ निरन्तरता दिइ कार्यान्वयन गरिनेछ । विभिन्न रोगहरुको पहिचानका लागि गाउँपालिका भित्र आवश्यकताका आधारमा प्रयोगशाला (ल्याव) स्थापना गर्ने कार्यलाई विस्तार गर्दै लगिने छ ।

६३. राष्ट्रिय स्वास्थ्य नीति, २०७६ अनुरुप नागरिकहरुलाई गुणस्तरीय, सुरक्षित र प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न, स्वास्थ्य सेवालाई समुदायस्तरमा पुऱ्याई नागरिकको पहुँच अभिवृद्धि गर्न एवम् स्वास्थ्यका सूचांकहरुलाई सकरात्मक योगदान पुऱ्याउनका लागि यस क्षेत्रमा संग्लन निजी तथा गैर सरकारी क्षेत्रसंग समन्वय गरी कार्यक्रम संञ्चालन गरिनेछ ।

६४.दरवन्दी अनुसारका कर्मचारी उपलब्ध गराउन सम्वन्धित निकायसँग आवश्यक पहल गरिनेछ ।

६५. गम्भीर प्रकृतिका रोगका विरामी साथै आकस्मिक रुपमा हुने दुर्घटना र स्वास्थ्य उपचार गर्न सकिने सहुलियतको लागि स्वास्थ्य विमा कार्यक्रमको थालनी गरिनेछ ।

६६. स्वास्थ्यसँग सम्बन्धित अति संवेदनशील पक्षको रुपमा रहेको मानसिक स्वास्थ्यको पाटोलाई समेत सम्बोधन गर्नका लागि गाउँपालिका र साझेदारी संस्थाको संयुक्त पहलकदमीमा मानसिक स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमलाई निरन्तरता दिई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

६७. प्राकृतिक चिकित्सा पद्धति तथा आयुर्वेदिक उपचारका लागि आवश्यक जनशक्तीको व्यवस्थापन गरी स्थानीय स्तरका जडीबुटीहरुलाई पहिचान गर्दै आयुर्वेद क्षेत्रका कार्यक्रमहरुलाई थप विस्तार गरिदै लगिने छ ।

रोजगार

६८. चिशंखुगढी गाउँपालिकाको हरेक योजना तथा कार्यक्रमलाई प्रत्यक्ष रोजगारी सिर्जना हुने गरी उत्पादनसँग जोड्दै लगिनेछ।

६९. कामका लागि पारिश्रमिक अनुदान अन्तर्गत प्रधानमन्त्री रोजागर कार्यक्रमलाइ व्यवस्थित ढंगबाट अगाडि बढाइनेछ ।

७०. वेरोजगार युवाहरुलाई परिचालन गर्दै रोजगारी सिर्जना मार्फत आर्थिक विकासमा टेवा पुर्याउन कामका लागि पारिश्रमिक अनुदान अन्तर्गत युवा रुप कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

७१. गाउँप्रालिका स्थित रोजगार सेवा केन्द्रको आवश्यक सुदृढिकरण गर्दै लगिनेछ ।

खानेपानी तथा सरसफाई

७२. स्वच्छ खानेपानीको अधिकारलाई सुनिश्चित गर्दै पानीको अभाव भएका ठाउँलाई उचित तथा दिर्घकालीन योजना तयार गरी खानेपानीका योजनाहरु अगाडी बढाइने छ । निर्माणाधीन योजनाहरुलाई यथाशिघ्र सम्पन्न गर्न जोड दिदै प्रत्येक नागरिकहरुलाई खानेपानीको सुनिश्चितता गरिने छ । साथै एक घर एक धाराको अवधारणालाई जोड दिदै खानेपानीको व्यवस्थाका लागि समस्याग्रस्त खानेपानी योजनाहरुको मर्मत तथा पुनःस्थापना गरी पुराना पानीका मुहानहरुको सुरक्षा एवं संरक्षण गरिने छ ।

७३.गाउँ तथा टोल वस्तीमा फोहोरमैला व्यवस्थापनका लागि नागरिकहरुकै सहभागितामा सरसफाईका कार्यक्रम संचालन गरिनेछ । विभिन्न संघसस्थाहरुको सहकार्यमा सिसा तथा प्लाष्ट्रिक जन्य फोहोर व्यवस्थापनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ । साथै गाउँपालिकाका प्रमुख स्थानहरुमा सार्वजनिक शौचालय निर्माण गरी सञ्चालनमा ल्याइने छ ।

**संस्कृति प्रवर्द्धन**

७४. गाउँपालिका क्षेत्र भित्र ऐतिहासिक तथा धार्मिक महत्वका स्थलहरुको लगत अध्यावधिक गरी सोको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनको व्यवस्था मिलाइनेछ ।

७५. गाउँपालिका स्थित विभिन्न जातजातिका संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गर्न प्रोत्साहिंत गर्ने प्रकृतिका कार्यक्रमहरु कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

**लैंगिक समानता तथा समावेशीकरण एवं सामाजिक संरक्षण**

७६. सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत भत्ता पाउने लक्षित समूहका व्यक्तिहरुको मुल अभिलेख अध्यावधिक गरी उक्त कार्यक्रमद्धारा लक्षित व्यक्तिहरुको विवरण एम. आई. एस. प्रणालीमा समयमै समावेश गरी उपलब्ध गराईनेछ ।

७७. सामुदायिक संघ सस्थाहरुको सहयोग, समन्वय र सक्रियतामा सामुदायिक विकासका कार्यक्रम सञ्चालन गरिने छ ।

७८. सामाजिक कुरिती, वालविवाह र घरेलु हिंसालगायतका महिला विरुद्ध हुने अपराध तथा मदिराजन्य पदार्थको आयात तथा उत्पादनको नियन्त्रणका लागि युवा सहभागितामा सामाजिक जागरण बढाउने कार्यमा सबै सरकारी तथा गैर सरकारी संघ सस्था र स्थानीय सामुदायिक संस्थाहरुसंग सहकार्य गरिने छ ।

७९. लैगिंक विभेदलाई न्यूनीकरण गर्नको लागि महिला विकास एवं सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

८०. वालमैत्री स्थानीय शासन प्रारुपको अवधारणा बमोजिमका विभिन्न चरणहरु पुरा गरी यस गाउँपालिका लाई वालमैत्री गाउँपालिका घोषणा गरिनेछ । यस कार्यका लागि सरकारी तथा गैरसरकारी संघ सस्थाको सहयोग लिइनेछ ।

८१. बालश्रम, तथा सबै प्रकारका बाल दुर्व्यवहारलाई निरुत्साहित गर्ने नीति अवलम्बन गरिने छ । गाउँपालिका क्षेत्रमा नयाँ निर्माण गरिने सार्वजनिक स्थल, सरकारीं भवन, अस्पताल र विद्यालयहरुको निमार्ण कार्यलाई अपाङ्गमैत्री बनाउन पहल गरिने छ । कानूनले अन्त्य गरीसकेको तर समाजमा अझै विद्यमान रहेको छुवाछुत प्रथाको अन्त्य गरी जातीय विभेद रहित समाज निर्माण गर्न पहल गरिनेछ ।

८२. लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्न महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा लैंगिक अल्पसंख्यकका तथ्यांक संकलन र अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८३.इतिहासका विभिन्न कालखण्डमा सकरात्मक परिवर्तनका खातिर लोकतान्त्रिक आन्दोलनहरुका क्रममा राष्ट्रका लागि आफ्नो प्राणको आहुति दिइ प्राणोत्सर्ग गर्नु हुने शहिदहरुलाई उच्च सम्मान गर्दै शहिद तथा वेपत्ता परिवार पहिचान गरी निर्वाह भत्ता उपलब्ध गराईने छ।

८३.(क) लोकतान्त्रिक आन्दोलनहरुमा आफ्नो जीवनलाई राष्ट्रको लागि समर्पित गर्ने क्रममा घाइते हुनु भएका योद्धा तथा नेपाल सरकारले पहिचान गरेका लोकतान्त्रिक योद्धाहरुको आगामी दिनमा अद्यावधिक तथ्यांकको आधारमा गाउँपालिकाले सम्मान गर्दै जानेछ।

८४. विभिन्न सरकारी तथा गैहसरकारी संस्थाको समन्वयमा लक्षित समूह विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिने छ।

## पूर्वाधार विकास

८५.विकासको प्रमुख पूर्वाधारको रुपमा रहेको सडक संरचनालाई गाउँपालिका क्षेत्रभित्रका मुख्य सडकहरुलाई स्तरउन्नती गरी कालोपत्रे सडकको रुपमा विकास गर्न संघ तथा प्रदेश सरकार समक्ष आवश्यक पहल गरिने छ। साथै गाउँपालिका भित्रका सम्पूर्ण सडकलाई वाह्रै महिना संचालन हुने गरी मर्मत सम्भार तथा स्तरउन्नतीको कार्यलाई निरन्तरता दिइनेछ।

८६. गाउँपालिका क्षेत्र भित्र रहेका सडक तथा सार्वजनिक जग्गालाई अतिक्रमण र अवरोध हुन नदिने व्यवस्था मिलाईनेछ । गाउँपालिका भित्र हालसम्म निर्माण भइसकेका सडकको अध्यावधिक गरी अध्यावधिक गरिएको लगत अनुसार तुलनात्मक रुपमा वढी चल्तीका सडकहरुको मर्मत संभारको कार्यमा जोड दिईनेछ।

८७. पूर्वाधार विकास सम्बन्धी ऐन कानून निर्माण गरी कार्यान्वयनमा ल्याइने छ।

८८. पूर्वाधार विकासलाई दिगो एवं गुणस्तरीय बनाउन प्रचलित मूल्य, मान्यता तथा प्राविधिक जाँच, वातावरणीय प्रभाव मूल्यांकन लगायतका दिगो विकासका पक्षहरुलाई एकाकार गर्दै लगिनेछ।

## भवन तथा सहरी विकास

८९. गाउँपालिका लगायत मुख्य बजारमा निर्माण गरिने भवनहरुलाई भवन मापदण्ड अनुरुप निर्माण गर्ने गराउने र एकिकृत वस्ती विकासको लागि आवश्यक व्यवस्था गरिने छ।

९०. गाउँपालिका क्षेत्रमा निर्माण गरिने भवनहरुलाई भुकम्प प्रतिरोधात्मक भवन निर्माण गर्न प्राथमिकता दिइनेछ।

९१. भवन निर्माण कार्यमा संलग्न कालिगढहरुलाई सुरक्षित भवन निर्माण सम्वन्धी तालिमको व्यवस्था मिलाउनको लागि आवश्यक पहल गरिनेछ ।

९२. भवन निर्माण सम्बन्धी कार्यलाई व्यवस्थित बनाउन भवन निर्माण सम्बन्धी मापदण्ड अनुरुप कार्यान्वयन गरिनेछ ।

**उर्जा**

९३. गाउँपालिका क्षेत्रभित्रका हाल सम्म विद्युत सेवा पुग्न नसकेका गाउँ तथा टोलहरुमा उच्च प्राथमिकताका साथ नेपाल विद्युत प्राधिकरण र गाउँपालिकाको सहकार्यमा केन्द्रीय विद्युत प्रसारण लाईन विस्तार गर्ने कार्यलाई निरन्तरता दिईनेछ । साथै विद्युत विस्तारको कार्य गर्न जटिल हुने भोगोलिक रुपमा विकट र दुर्गम क्षेत्रको पहिचान गरी त्यस्ता गाउँ तथा वस्तीहरुमा सौर्य उर्जा उपलब्ध गराउन व्यवस्था मिलाईने छ ।

९४. यस गाउँपालिकाको क्षेत्र भित्र पर्ने देशकै महत्वपूर्ण योजनाको रुपमा रहेको दुधकोशी जलाशययुक्त आयोजना निर्माण तत्काल अगाडि बढाउनका लागि नेपाल सरकारसंग आवश्यक पहल गरिनेछ ।

९५. गाउँपाललिकाको महत्वपूर्ण योजनाको रुपमा रहेको ग्रामीण विद्युतीकरण योजना तथा कार्यक्रमलाइ गाउँपाललिकाको आफ्नै पहलमा तथा अन्य सरोकारवाला सँगको समन्वयमा निरन्तरता दिई आ.व. ०७८।७९ मा गाउँपालिकाको सबै घरपरिवारमा विद्युतको पहुँच पुऱ्याउने गरी आवश्यक पहल गरिनेछ ।

९६. ग्रामिण विद्युतीकरण कार्यक्रम अन्तर्गत चिशापानी खण्डमा समपुरक योजना कार्यान्वयन गर्न गाउँपालिकाले व्यहोर्नु पर्ने लागत साझेदारीको स्रोत सुनिश्चितता गरी थप बजेटको व्यवस्था सहित चिसापानी खस्रे लगायतका विद्युतको पहुँच नपुगेका गाउँपालिकाको अति विकट एवं दुर्गम क्षेत्रमा आ.व. ०७८।७९ को शुरुवातीमा नै विद्युतको पँहुच पुर्याउन कार्य अगाडि बढाइनेछ ।

९७. नागरिकहरुको आवश्यकताको आधारमा बायोग्याँस, विद्युतीय चुलो, सुधारिएको चुलो, विद्युतीय घट्टा र सौर्य उर्जा लगायतका नवीकरणीय उर्जा प्रविधि जडान कार्यको कार्यान्वयन गरिनेछ ।

**सूचना तथा सञ्चार प्रविधि**

९८. गाउँपालिका भित्र सघन बसोवास भएका क्षेत्रहरुमा ल्याण्डलाईन टेलिफोन सुविधा पुऱ्याउन आवश्यक पहल गरिने छ । इन्टरनेट सहितको सञ्चार माध्यमहरुको थप विस्तारका लागि सम्वन्धित निकायसंग समन्वय गरिने छ ।

९९. चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य कार्यालय र सम्पूर्ण सामुदायिक विद्यालयहरुमा सुविधायुक्त प्रभावकारी इन्टरनेट सुविधाको विकास एवं विस्तार गर्न ग्रामीण दुरसञ्चार विकास कोष अन्तर्गत ब्रोडव्याण्ड इन्टरनेट जडान तथा क्षमता अभिवृद्धि गर्न नेपाल दूरसञ्चार प्राधिकरण सँगको समन्वयमा उक्त कार्यलाई आ.व. ०७८।७९ को शुरुवातीमा नै अगाडि बढाइनेछ ।

१००. नेपाल टेलिकमसँगको समन्वयमा गाउँपालिकाका सबै क्षेत्रमा मोबाइल नेटवर्क सेवाको पहुँच पुर्याउन आवश्यक पहलकदमी गरिनेछ ।साथै सार्वजनिक स्थानहरुमा र बढी जनघनत्व भएका क्षेत्रहरुमा निशुल्क वाईफाई सेवाको विस्तार गर्दै लगिने छ ।

**सिंचाइ योजना**

१०१. गाउँपालिका क्षेत्र भित्रका खेती योग्य जमिनको उत्पादकत्व अभिवृद्धि गर्न एवं सिंचाइ प्रणालीलाइ व्यवस्थित बनाउन लिफ्ट सिँचाईको सम्भाव्यता अध्ययन भएका क्षेत्रहरुमा यथाशिघ्र योजना सञ्चालनमा पहल गरिने छ । साथै पानीका स्रोत भएका स्थानहरुमा साना सिँचाई कार्यक्रम मार्फत सिँचाई आयोजना अगाडी बढाईने छ ।

१०२.गाउँपालिकाका थप क्षेत्रहरुमा सिंचाइ आयोजना सञ्चालन गर्न साना सिँचाई कार्यक्रम इकाइ तथा अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी सम्भाव्यता अध्ययनको कार्यलाई अगाडि बढाइनेछ ।

**पुल निर्माण**

१०३. चिशंखुगढी गाउँपालिकाको नागरिकमा बर्है महिना यातायातको पहुँच स्थापित गर्न निर्माणाधीन मोटेरेबल पुलहरुको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन सम्बन्धित सरोकारवालाहरुको ध्यानाकर्षण गराइ थप मोटेरेबल पुल निर्माण गर्नु पर्ने स्थानको पहिचान गर्न र सोको निर्माण गर्न संघीय सरकार, प्रदेश सरकार एवं अन्य सरोकारवाला निकायहरुसँग पहल गरिनेछ ।

१०४.हाम्रो जस्तो भौगोलिकतामा कतीपय स्थानहरुमा खहरे खोलानालाको कारण आवतजावतमा समस्या उत्पन्न भइ जनजीवन कष्ठकर हुन जाने अवस्थामा स्रोत सुनिश्चित भएर आएको झोलुङ्गे पुल निर्माण आयोजनाको कार्यान्वयन गर्दै झोलुङ्गे पुलका लागि सम्भावित स्थानहरुको पहिचान गर्न र बजेट व्यवस्थापनको लागि सरोकारवाला निकायहरुमा पहल गरिनेछ ।

**वातावरण र विपद् व्यवस्थापन, वन तथा भु-सरंक्षण**

१०५.चिशंखुगढी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१०६.सामुदायिक वन उपभोक्ता समूह र सरोकारवालाहरु संगको समन्वयमा गाउँपालिका क्षेत्रको वन विनास तथा अतिक्रमणको क्रमलाई निरुत्साहित गरी वनको संरक्षण र सर्म्वद्धन सम्वन्धी क्रियाकलापहरु सञ्चालन गर्दै खाली र नाङ्गा डाँडा पाखामा जनस्तरवाटै वृक्षरोपणको अभियान सञ्चालन गर्न प्रोसाहन गरिने छ ।

१०७. सडक निर्माणको काम संगै निर्मित सडकको दायाँवायाँ स्थानीय नागरिकको अगुवाईमा सम्वन्धित उपभोक्ताहरु पहिचान गरी अनिवार्य रुपमा स्थानीय जात अनुसारका विरुवा रोप्ने अभियानको थालनी गरी वातावरणमैत्री सडक निर्माण गरिने छ।

१०८. भुक्षय तथा नदी कटानवाट हुने क्षतिलाई न्यूनीकरण गर्नको लागि आवश्यक कृयाकलापहरु सञ्चालन गरिनेछ।

१०९. विपद् जोखिम न्यूनीकरणको लागि विपद पूर्वतयारी कार्यक्रम संचालन गरिनेछ।

११०. गाउँपालिका स्थित जलाधार क्षेत्रको पहिचान गरी जलाधार क्षेत्रको संरक्षण गर्न आवश्यक व्यवस्थापकीय कामका लागि सम्भाव्यता अध्ययन गरिनेछ।

१११.पूर्वाधार विकास कार्यक्रमवाट वातावरणमा हुन सक्ने क्षतिलाई न्यूनिकरण गर्दै वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षणको प्रकृयालाई अवलम्वन गरिने छ।

११२. गाउँपालिकाका सबै वडाहरुलाई घर भित्रको धुँवा मुक्त वडा घोषणा गरिने छ।

११३. गाउँपालिका तथा साझेदार निकायहरुसँगको समन्वय र सहकार्यमा जलवायू परिवर्तन अनुकुलन सम्वन्धी विभिन्न क्रियाकलापहरु सञ्चालन गरिनेछ।

११४.गाउँपालिका क्षेत्रमा उत्पन्न हुने फोहोरमैला व्यवस्थापनको लागि नागरिक र गाउँपालिकासंग समझदारीमा व्यवस्थापन गर्दै लगिने छ। साथै प्लाष्टिकजन्य सामाग्रीलाई निरुत्साहित गर्दै लगिने छ।

११५.गाउँक्षेत्रका नदीनालामा तटवन्ध तथा पहिरो नियन्त्रणको लागि प्रस्ताव तयार गरी सरोकारवाला निकायसंग सहकार्य गरिनेछ।

११६. गाउँपालिका एवं वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई चुस्त बनाई क्रियाशिल गराईनेछ।

११७. सरोकारवाला निकायसंगको साझेदारीमा प्राकृतिक विपद् पूर्व, विपद्को समय र विपद् पश्चात सञ्चालन गरिनुपर्ने क्रियाकलापहरुको बारेमा विभिन्न अन्तरक्रिया एवम् चेतनामुलक क्रियाकलापहरु सञ्चालन गरिनेछ।

११८. वातावरण तथा जल क्षेत्रको संचितीकरणको लागि पानी पोखरी निर्माण गर्ने कार्यलाई अगाडि बढाइनेछ।

## संस्थागत विकास तथा सेवा प्रवाह

११९. गाउँपालिका कार्यालय र वडा कार्यालयहरुको संरचना निर्माणका लागि आवश्यक स्रोत साधनको परिचालन गर्दै सरोकारवाला निकायहरुसँगको समन्वय र सहकार्यलाई निरन्तरता दिई सकरात्मक पहलकदमी लिइनेछ।

१२०. मानव संसाधन विकासका लागि आवश्यक पर्ने स्वीकृत दरवन्दी अनुसारको जनशक्ति व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ। गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयका पदाधिकारी र कर्मचारीहरुको दक्षता र क्षमता अभिवृद्धिका लागि क्षमता विकास योजना तयार गरी समयसापेक्ष रुपमा विभिन्न तालिम, गोष्ठी र अवलोकन भ्रमणको आयोजना गरिंने छ।

१२१. आगामी आ.व.मा कार्यान्वयन हुने गरी बहुवर्षीय ठेक्काको रुपमा गाउँपालिकाको प्रमुख प्रशासकीय भवन निर्माण गर्न ठेक्का प्रकृया अगाडि बढाईएको हुँदा सोको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ।

१२२. वडा कार्यालय भवन नभएको वा भइरहेको वडा कार्यालय भवन जीर्ण भएको स्थानमा वडा कार्यालय भवन निर्माणको लागि प्राथमिकताको साथमा बजेट उपलब्ध गराई नयाँ भवन निर्माण गर्न र मर्मत सम्भार गर्नु पर्ने वडा कार्यालयहरु तत्काल मर्मत सम्भार गरी वडा कार्यालयवाट व्यवस्थित रुपमा सेवा प्रदान गर्न वजेटको व्यवस्था मिलाईनेछ ।

१२३. गाउँ कार्यपालिका तथा वडा कार्यालयवाट प्राप्त हुने वस्तु तथा सेवा, प्राप्त गर्ने प्रक्रिया, सेवा लिनका लागि लाग्ने समय र दस्तुर सम्वन्धी जानकारी सहितको डिजिटल नागरिक वडापत्रलाई अध्यावधिक गरी गाउँ कार्यपालिका तथा वडा कार्यालयमा राख्ने व्यवस्था मिलाईने छ ।

१२४. गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयवाट प्रवाह हुने सेवालाई सूचना तथा सञ्चार प्रविधि सगँ एकाकार गरी प्रविधिमैत्री गुणस्तरीय सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

## वित्तीय व्यवस्थापन एवं वित्तीय जोखिम न्यूनीकरण

१२५. राजश्व परिचालन गाउँपालिकाको आन्तरिक स्रोत वृद्धि गरी गाउँपालिकालाई आर्थिक रुपमा सवलीकरण गराउनको लागि राजश्व परार्मश समितीबाट प्राप्त सिफारिसको आधारमा समय सापेक्ष रुपमा शुल्क, सेवा शुल्क, कर तथा दस्तुरहरुको दरमा पुनरावलोकन गरी गाउँपालिकाको आय वृद्धि गरिने छ । गाउँपालिकाले लगाउन सक्ने कर दस्तुरको दायरा एवम् कर, दस्तुर, शुल्क तथा सेवा शुल्कको वारेमा सुसुचित गरी असुली प्रक्रियाको वारेमा जानकारी दिई उत्प्रेरित गराई करदाता शिक्षा कार्यक्रम सञ्चालन गरी सम्पत्तिकर लागु गरिने छ ।

१२६. छिटो प्रतिफल प्राप्त हुने वढी भन्दा वढी जनसहभागितामा सम्पन्न हुने र स्थानीय स्रोत, साधन, सीप र प्रविधिको प्रयोग हुने कार्यक्रमलाई प्राथमिकता दिने नीति अवलम्वन गरिनेछ ।

## सुशासन

१२७. गाउँपालिका मातहतका कार्यालयहरुबाट प्रवाह गरिने सेवालाई जनताप्रति उत्तरदायी, गुणस्तरीय, प्रभावकारी, पारदर्शी, प्रतिस्पर्धी एवं अनुमान योग्य बनाउन सम्पूर्ण जनप्रतिनिध तथा कर्मचारीहरुबाट समन्वय, सहकार्य र सह-अस्तित्वको सिद्धान्त बमोजिम आ-आफ्नो जिम्मेवारी गहन ढंगबाट पूरा गरिनेछ ।

१२८. जनप्रतिनिधि एवं कर्मचारीहरुले पालना गर्नुपर्ने आचारसंहिता कडाइका साथ पालना गरिनेछ ।

१२९. कर्मचारीहरुबाट सम्पादन गरिने कार्यलाई परिणाममुखी बनाउन गाउँपालिका अन्तर्गतका सबै कार्यालयहरुमा इ-हाजिरीलाई व्यवस्थित बनाईनेछ । साथै कर्मचारीहरुको पोशाक सहिंता तथा परिचयपत्रलाई अनिवार्य गरिनेछ ।

१३०. म भ्रष्टाचार गर्दिन, म भ्रष्टाचार हुन दिन्न, म देश र जनताका लागि इमान्दार भएर काम गर्नेछु भन्ने प्रतिज्ञाका साथ यस गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधि र कर्मचारी परिवार सिंगो गाउँपालिकाको समुन्नत विकासमा लागिनेछ ।

१३१. कार्यसम्पादनका आधारमा कर्मचारीहरुको मनोवल उच्च राख्न कर्मचारीहरुलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाईनेछ ।

१३२. वडा तथा गाउँ कार्यपालिकाको कार्यालयद्धारा सम्पादित कार्यहरुको जानकारी र गुणस्तर मापनका लागि सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण कार्यक्रमको आयोजना गर्नुका साथै आन्तरिक लेखा परीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखा परीक्षण तथा वेरुजु फछ्र्यौट व्यवस्थित गरी कार्यान्वयनमा ल्याइनेछ ।

१३३. गाउँ कार्यपालिकाको प्रवक्ता मार्फत गाउँ कार्यपालिकाले सम्पादन गरेका कार्य वा निर्णयहरु सार्वजनिक जानकारीमा ल्याउने व्यवस्था मिलाइनेछ ।

१३४. गाउँ कार्यपालिकाको वेभ साइट मार्फत गाउँपालिकाका सम्पूर्ण सूचनाहरु प्रकाशित गरी उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१३५. प्रमुख प्रशासकीय अधिकृतले तोकेको सूचना अधिकारी मार्फत गाउँ कार्यपालिकाको कार्यालयसंग सम्वन्धित सूचना सरोकारवालालाई उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१३६. गाउँपालिकाको वार्षिक प्रगति पुस्तिका र वार्षिक योजना तथा कार्यक्रमहरु प्रकाशन गरी सार्वजनिक गरिनेछ ।

१३७. व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता पाउने लाभग्राहीहरुको नामलाई अनलाईनको माध्यमबाट. मूल अभिलेख व्यवस्थापनको कार्य गर्ने एवं आगामी आ.व. देखि सम्पूर्ण वडाका सामाजिक सुरक्षा भत्तालाई वैंकिंग प्रणालीबाट वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

१३८. विद्युतीय शासनलाई प्रभावकारी कार्यान्वयन गरी डिजिटल डिभाईडको अवस्थालाई अन्त्य गर्दै Paperless Government को अवधारणलाई कार्यान्वयन गर्दै लगिनेछ ।

**आवास व्यवस्था**

१३९. गाउँपालिका भित्र बसोबास गर्ने गरिब तथा विपन्न घर परिवारका नागरिकलाई सुरक्षित रुपमा बसोबासको प्रत्याभूति गराउन संघ तथा प्रदेश र स्थानीय सरकारको साझेदारीमा सञ्चालन हुने यस गाउँपालिकाको योजना तथा कार्यक्रममा उल्लेख भएको सुरक्षित नागरिक आवास तथा जनता आवास कार्यक्रमलाई थप विस्तार गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१४०. नेपालको संविधानको धारा ४२ को उपधारा २ मा उल्लेखित आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, सशक्तिकरण, उत्थान र विकासका लागि शिक्षा, स्वास्थ, आवास, खाद्यान्न एवं सामाजिक सुरक्षा, रोजगारमा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ भन्ने व्यवस्था बमोजिम लोपोन्मुख, दलित, गरिब एवं सिमान्तकृत जातजातिको आवासको व्यवस्थाका लागि सोको पहिचान गरी चालु आ.व.मा २१ वटा घर निर्माणको कार्य अन्तिम चरणमा पुगेको अवस्थामा उक्त कार्यक्रमलाई निरन्तरता दिई आगामी आ.व. मा जनता आवास कार्यक्रम

अन्तर्गत थप ४६ वटा घर निर्माण गर्ने व्यवस्था मिलाइनेछ। साथै गरिबी तथा आर्थिक अभावको कारणले कुनै पनि नागरिक घरवार विहिन हुनुपर्ने अवस्थाको अन्त्य गरिने छ।

१४१. नेपालको संविधानं प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सुनिश्चित गर्दै उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न यस चिशंखुगढी गाउँपालिका अन्तर्गतका गरिबीको रेखामुनी रहेका, प्रकोपका कारण घरवार विहिन भएका, घर परिवारहरुले सुरक्षित आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता, सहुलियत दरको काठ लगायतका सामाग्री खरिद तथा गरिबीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निर्माणको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## भूमीहीन दलित तथा सिमान्तकृत समुदाय

१४२. नेपाल सरकार भूमि सम्बन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६ बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान एवं लगत संकलन गरी सरोकारवाला निकायहरुको समन्वयमा गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने त्यस्ता समुदायका नगरिकहरुलाई जग्गाधनी पुर्जा प्रमाणपत्र प्रदान गर्ने कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।

## उपभोक्ता हित संरक्षण

१४३. नेपालको संविधानको धारा ४४ मा उल्लेखित उपभोक्ताको हक अन्तर्गत प्रत्येक उभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ भन्ने मौलिक हकको प्रत्याभूत गर्न चिशंखुगढी गाउँपालिकामा उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१४४. गाउँपालिका अन्तर्गतका उभोक्तासँग प्रत्यक्ष सरोकार राख्ने व्यपार व्यवसायीहरुलाई नागरिक प्रति उत्तरदायी बनाउन बजार अनुगमनको पाटोलाई प्रभावकारी बनाइनेछ।

१४५. गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेका व्यक्तिलाई क्षतिपूर्ति प्रदान गर्न पहल गरिनेछ।

## विविध

१४६. यस गाउँपालिकाको विकासका लागि साझेदार गर्ने विभिन्न संघसस्थाहरुसँग आवश्यक समन्वय गरी विकास सम्बन्धी कार्यहरुलाई अगाडि बढाईनेछ।

१४७. प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई गाउँपालिकाको विकास आयोजनाहरुसँग जोडी गुणस्तरयुक्त एवम् परिणाममुखी कार्य गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ।

१४८. गाउँपालिकाबाट सञ्चालन गरिने हरेक योजना तथा कार्यक्रमहरुलाई उत्पादनसँग एकाकार गरी गरिबी निवारण एवं रोजगारी सिर्जना गर्ने प्रंकृतिका कार्यक्रमहरु संचालन गरिनेछ।

अन्त्यमा,

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धति अवलम्वन गरेको प्रगतिशिल देश हो । सहकार्य, सह-अस्तित्व र समन्वयको सिद्धान्त बमोजिम सहकारीतामुलक संघीय शासन प्रणालीको अभ्यासरत रहेको विद्यमान परिस्थितिमा ३(तीन) तहका सरकारहरु संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको भूमिकाहरु आ-आफ्नै स्थानमा विशिष्ट छन् । तथापी स्थानीय सरकार जनताको सबै भन्दा नजिकको सरकार एवं जनताका दैनिक जीवनयापन लगायतका अन्य विशिष्ट विविध पक्षहरुसँग प्रत्यक्ष सरोकार राख्ने तथा जनताको मुटुको ढुकढुकी समेत भएको हुँदा तुलनात्मक रुपमा सबै भन्दा बढी जनताप्रति उत्तरदायी एवं जिम्मेवार हुने पर्ने सरकार स्थानीय सरकार नै हो । स्थानीय तहमा स्थानीय सरकार सञ्चालनार्थ निर्वाचित जनप्रतिनिधि, सरोकारवाला पक्षहरु, स्थानीय जनता र स्थानीय तहमा कार्यरत कर्मचारीहरुको बीचमा सेवा प्रवाह, गुणस्तरीय कार्यसम्पादन एवं विकास प्रतिको दृष्टिकोणका बीचमा सकरात्मक ऐक्यबद्धता तथा बुझाईमा एकरुपता हुनु अत्यन्त आवश्यक हुन्छ । स्थानीय तहमा कार्यरत कर्मचारी, जनप्रतिनिधि, सरोकारवाला पक्ष, तथा आम नागरिकहरुको बीचमा समन्वय, सहकार्य र सहजीकरणको मार्गबाट संघीयता कार्यान्वयनको आधारशीलालाई मजबुत बनाई आर्थिक विकासको पाटोलाई सबलीकरण गर्नु आजको अनिवार्य आवश्यकता हो । उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्दै विकासका हरेक गतिविधिलाई आर्थिक विकासका आयामहरुसँग एकाकार गरी रोजगारी सिर्जना एवं स्थानीय सरकारका हरेक कृयाकलापहरुलाई उत्पादन तथा उत्पादकत्वसँग जोड्ने र सोही बमोजिमको नीति तथा कार्यक्रम अख्तियार गर्दै नतीजाउन्मुख सन्तुलित विकासको ढाँचालाई अबलम्बन गर्नु नितान्त आवश्यक छ । यसका लागि नीतिगत स्पष्टता, संस्थागत सक्षमता, वित्तीय व्यवस्थापन र प्रभावकारी कार्यान्वयनका लागि चुस्त संगठन तथा त्यस सँग सम्बन्धित संयन्त्रको उचित परिचालन गर्नु पर्ने हुन्छ ।

अबको निकास भनेको नै आर्थिक विकास हो । तसर्थ चिशंखुगढी गाउँपालिकाको गन्तव्य "कृषि पर्यटन र दिगो पूर्वाधार, समृद्ध चिशंखुगढीको बलियो आधार" भन्ने मुल नारालाई सार्थक बनाउन गाउँपालिकाले पहिचान गरेको क्षेत्रगत आवश्यकताका आधारमा संघीय एवं प्रदेश सरकार तथा विकासका साझेदारहरु सँग समन्वय र सहकार्य गर्दै अनुकुल वातावरण निर्माणमा गाउँपालिकाले विगतमा खेलेको भूमिकाको निरन्तरता सँगै अझ सुदृढीकरणका लागि उचित पहल कदमी लिनु आवश्यक छ । गाउँपालिकाको दिगो विकास एवं आर्थिक समृद्धि प्रतिको दृष्टिकोणलाई साकार पार्नका लागि आपसी समझदारी, अधिकार क्षेत्रको प्रयोगमा सामञ्जस्यता अपनाई स्थानीय सरकार मार्फत जनतामा सुशासनको प्रत्याभूति दिलाई "समृद्ध नेपाल, सुखी नेपाली" को अवधारणालाई कार्यान्वयन गर्ने विषयमा ऐक्यवद्धता हुनु आवश्यक छ । गाउँपालिकाको समग्र विकासका लागि विभिन्न क्षेत्रगत विकासका आयामहरुमा आवश्यक सहजीकरण गर्न परिणाममुखी एवं गुणात्मक सेवा प्रवाहलाई अझ सुदृढ गरी सम्पूर्ण सरोकारवालाहरु बीचमा यस प्रकारको भूमिकालाई निरन्तरता दिंदै चिशंखुगढी गाउँपालिकाको समग्र विकास र समृद्धिको लागि यो नीति तथा कार्यक्रमले अंगिकार गरेका विषयहरुको कार्यान्वयन महत्वपूर्ण हुनेछ । नेपालको संविधानले आत्मसात गरेका मान्यता, परिकल्पना, नेपाल सरकारको १५ औं आवधिक योजना तथा प्रदेश सरकारको योजनाको आधारपत्र र यस गाउँपालिकाको प्रथम आवधिक विकास योजनाको आधारमा रही यहाँका आम जनसमुदायबाट प्रकट भएका भावनाहरुलाई यस नीति तथा कार्यक्रमले समेटेको छ । आगामी बजेटले नीति कार्यक्रममा व्यक्त प्रतिवद्धतालाई

समेट्ने विश्वास लिएको छु । यो नीति तथा कार्यक्रम समुन्नत गाउँपालिकाको खाका सहित कार्यान्वयन योग्य दस्तावेजको रुपमा रहनेछ ।

आगामी आ.व. ०७८।७९ को बजेट कार्यान्वयनका लागि अख्तियार गरिएका योजना तथा कार्यक्रमहरु सकरात्मक मार्गबाट कार्यान्वयन हुनेछ भन्ने आशा-अभिलाषा राख्दै नीति तथा कार्यक्रमका लागि सल्लाह सुझाव दिनु हुने सम्पूर्ण जनप्रतिनिधिहरु, राजनैतिक दलका प्रतिनिधि, बुद्धिजिवी, समाजसेवी, र कर्मचारी साथीहरु तथा अन्य सरोकारवालाहरु सबैमा हार्दिक आभार व्यक्त गर्दै एकाकार भई काम गर्ने सु-अवसर एवं वातावरण निर्माण होस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

धन्यवाद !!

निशान्त शर्मा
अध्यक्ष
चिशंखुगढी गाउँपालिका